# स्थानीय राजपत्र

## कञ्चन गाउँपालिकाद्वारा प्रकाशित

कञ्चन, खण्डः ८, भागः२ संख्याः ५, मितिः२०८२/०८/१४ गते

**भाग-२**

**कञ्चन गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय, रुपन्देही**

कञ्चन गाउँपालिका स्थानीय राजपत्र

*गाउँकार्यपालिकाबाट स्वीकृत मिति : २०८२/०८/०८*

# कञ्चन गाउँपालिकाको तरकारी मूल्य श्रृंखला विकास परियोजना अन्तर्गत कृषि अनुदान वितरण निर्देशिका, २०८२

## प्रस्तावनाः

कञ्चन गाउँपालिकाको गौरवको परियोजनाको रुपमा रहेको मिति २०८१/०९/२३ मा कञ्चन गाउँपालिका, हेफर ईन्टरनेश्नल नेपाल र सेतो गुरास बालबिकास सेवा रुपन्देही सँगको त्रिपक्षिय सम्झौता अन्तर्गत संचालन भएको र **आ.व. २०८२/८३** को स्वीकृत कार्यक्रमहरु अन्तर्गत निरन्तरता दिईएको तरकारी मूल्य श्रृंखला विकास परियोजना अन्तर्गतका पालिकाको दायित्त्वमा रहेका कृषि अनुदान वितरण गर्दा परियोजनासँग जोडिएका र परियोजनाले परिकल्पनका गरेका व्यावसायिक रुपमा तरकारी उत्पदान गरिरहेका वास्तविक कृषक, कृषक-समूहहरु समक्ष लक्षित कार्यक्रमहरु पुगी कञ्चन गाउँपालिकाको तरकारी उत्पादन क्षेत्रहरुलाई व्यावसायिक, बजारमूखि र प्रतिस्पर्धी बनाई समग्र कृषि क्षेत्रको उत्पादन र उत्पादकत्त्व वृद्धि गर्न टेवा पुगोस भन्ने उद्देश्यले र परियोजनाका कृयाकलापहरुको चुस्त रुपमा सम्पन्न गर्न सहजिकरण गर्ने हेतुले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी कञ्चन गाउँपालिकाबाट यो निर्देशिका र कार्यविधि प्रकाशन गरिएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>

क) यो निर्देशिकाको नाम “तरकारी मूल्य श्रृंखला विकास परियोजना अन्तर्गत कृषि अनुदान वितरण निर्देशिका, २०८२” रहेको छ।

ख) यो निर्देशिका कञ्चन गाउँपालिकाको राजपत्रमा प्रकाशन भएपश्चात लागू हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

क) **सम्झौता** भन्नाले मिति २०८१/०९/२३ मा कञ्चन गाउँपालिका, हेफर ईन्टर नेश्नल नेपाल र सेतो गुराँस बालबिकास सेवा, रुपन्देही सँगको त्रिपक्षिय सम्झौता भन्ने बुझ्नुपर्दछ।

ख) **परियोजना** भन्नाले मिति २०८१/०९/२३ मा कञ्चन गाउँपालिका, हेफर ईन्टरनेश्नल नेपाल र सेतो गुरास बालबिकास सेवा रुपन्देहीसँगको त्रिपक्षिय सम्झौता अन्तर्गत संचालन भएको 'तरकारी मूल्य श्रृंखला विकास परियोजना' बुझिन्छ।

ग) **कृषक** भन्नाले यस परियोजना अन्तर्गत सुचिकरण/अभिलेखीकरण भएका, व्यावसायिक रुपमा तरकारी खेती गर्ने र गर्न ईच्छुक यस निर्देशिका अन्तर्गत रहि कृषिजन्य वस्तु वा सेवा माग गर्ने व्यक्ति वा एकाघरको परिवारका सदस्यलाई बुझाउदछ।

घ) **व्यावसायिक खेति** भन्नाले कम्तिमा ३ कठ्ठा जग्गामा तरकारी वाली उत्पादन गरेको वा गर्ने प्रतिवद्धता गरेको कृषि कार्यलाई सम्झनु पर्दछ।

ङ) **कृषक समूह** भन्नाले यस गाउँपालिकाको कृषि विकास शाखामा दर्ता/अभिलेखीकरण भई यस परियोजना अन्तर्गत सुचिकृत रहेका क्रियाशिल कृषक समूहहरुलाई जनाउँदछ।

च) **सहकारी संस्था लि.** भन्नाले यस कञ्चन गाउँपालिकामा विधिवत दर्ता रहेको, यस परियोजना अन्तर्गत सुचिकृत कृषकहरु सदस्य रहेको तथा यस पालिका अन्तर्गत गाउँ कार्यपालिकाले अनुमोदन गरेको सहकारी संस्थालाई बुझाउँदछ।

छ) **अनुदान कार्यक्रम** भन्नाले यस कञ्चन गाउँपालिकाको गाउँसभाबाट स्वीकृत/अनुमोदन भएको परियोजना अन्तर्गतको कार्यक्रम / क्रियाकलापलाई बुझाउनेछ।

## परिच्छेद-२

## सञ्चालन हुने मुख्य कार्यक्रम/क्रियाकलापहरु

३. यस निर्देशिकामा अनुदान कार्यक्रम भन्नाले यस परियोजना अन्तर्गत सञ्चालन हुने निम्न कार्यक्रम / क्रियाकलापहरुलाई जनाउँदछ।

क) "क्षेत्रफलमा आधारित अनुदान" भन्नाले सम्झौताको अनुसुची १ को क्रं. सं ३ मा उल्लेखित "Area Based Subsidy" कार्यक्रम ।

ख) "कृषि उपकरण तथा सिचांई सामग्री सहायता" कार्यक्रम भन्नाले सम्झौताको अनुसुची १ को क्रं. सं ५ मा उल्लेखित "Agri-equipment and machinery and irrigation support" कार्यक्रम ।

ग) "कृषक समूहमार्फत उत्पादन सामग्री सहायता" कार्यक्रम भन्नाले सम्झौताको अनुसुची १ को क्रं. सं ४ मा उल्लेखित "Production input support(seed, mulching materials, bio-fertilizer, plant protection, crates etc) to farmers/SHG" कार्यक्रम ।

घ) "प्रशोधन केन्द्रको निर्माण" कार्यक्रम भन्नाले सम्झौताको अनुसुची १ को क्रं. सं १२ मा उल्लेखित "Processing center construction (DPR, land development, construction" कार्यक्रम ।

ङ) "प्रशोधन केन्द्रको बिमा" कार्यक्रम भन्नाले सम्झौताको अनुसुची १ को क्रं. सं १२ मा उल्लेखित "Processing center Insurance" कार्यक्रम ।

च) "परियोजना अनुगमन तथा समन्वय समितिलाई अवलोकन भ्रमण" कार्याक्रम भन्नाले सम्झौताको अनुसुची १ को क्रं. सं १५ मा उल्लेखित "Processing center Technology Learning Visit" कार्यक्रम ।

छ) "कार्यक्रम अनुगमन, मूल्यांकन तथा परियोजनाका क्रियाकलापहरुमा कृषि शाखाका कर्मचारी परिचालन" भन्नाले गाउँसभाबाट स्वीकृत विस्तृत कार्यान्वयन योजनामा उल्लेखित "Technical Committee meeting/Field visits"

ज) "कृषि शाखाका कर्मचारीको निम्ति क्षमता अभिवृद्धी तालिम" भन्नाले गाउँसभाबाट स्वीकृत विस्तृत कार्यान्वयन योजनामा उल्लेखित "Capacity Building"

झ) "न्यूनतम समर्थन मूल्य निर्धारण सम्बन्धी निति निर्माणका लागि परामर्श" भन्नाले गाउँसभाबाट स्वीकृत विस्तृत कार्यान्वयन योजनामा उल्लेखित "Minimum Support Price (MSP) policy formulation"

## परिच्छेद-३

## कार्यक्रम सञ्चालन गर्ने प्रक्रिया

### ४. कार्यक्रमको विस्तृत सञ्चालन प्रकृया

क) परिच्छेद २ को दफा ३ 'क ' को क्षेत्रफलमा आधारित अनुदान (Area Based Subsidy) कार्यक्रम सञ्चालनका लागी कम्तिमा ३ कठ्ठा क्षेत्रफलमा तरकारी लगाएका कृषकलाई खेती गरेको जग्गाको क्षेत्रफलका आधारमा रु २५,०००।— अनुदान उपलब्ध गराईनेछ। यसरी उपलब्ध अनुदानमा कृषकहरुले प्रयोग गरेका कृषि

सामग्री तथा उत्पादन क्रियाकलापको बिल भरपाई पेश गर्नुपर्नेछ र कृषकको कम्तीमा २५% लागत सहभागिता हुनुपर्ने छ।

ख) परिच्छेद २ को दफा ३ 'ख ' को कृषि उपकरण तथा सीचाई सामग्री सहायता (Agri-equipment and machinery and irrigation support) कार्यक्रम सञ्चालनका लागी कृषि उपकरण, मेसिनरी र सिंचाई प्रविधी लगायत कृषिजन्य सामग्री सहायताको लागी सक्कल बिल भरपाईको आधारमा कृषकलाई रु २५,०००।— अनुदान उपलब्ध गराईनेछ। यसरी उपलब्ध अनुदानमा कृषकहरुले प्रयोग गरेका कृषि सामग्री तथा उत्पादन क्रियाकलापको बिल भरपाई पेश गर्नुपर्नेछ र कृषकको कम्तीमा २५% लागत सहभागिता हुनुपर्ने छ।

ग) कृषक समूहमार्फत उत्पादन सामग्री सहायता [Production input support(seed, mulching materials, bio-fertilizer, plant protection, crates etc) to farmers/SHG] कार्यक्रम संचालनका लागी कृषक समूहको निर्णय बमोजिम कृषि औजार, यन्त्र, उपकरण, वीउ, मल, स्प्रेयर, हजारी, विषादी, जैविक विषादी/झोलमल तयार गर्ने ड्रम, पासोहरु, थाक्रा डोरी, मल्चिङ्ग प्लास्टिक आदी जस्ता सामग्री खरिद गरेवापत कम्तिमा २५% लागत सहभागिता रहनेगरी प्रति समूह बढीमा रु २ लाख रकम कृषक समूहलाई अनुदान उपलब्ध गराईने छ।

घ) प्रशोधन केन्द्रको निर्माण (Processing center construction (DPR, land development, construction) कार्यक्रम अन्तर्गत प्रचलित कानुन र आवश्यक डिजाईन बमोजिम प्रशोधन केन्द्रको भौतिक संरचना निर्माण गरिने छ।

ङ) प्रशोधन केन्द्रको बिमा (Processing center Insurance) अन्तर्गत निर्माण भएको भौतिक संरचना र त्यसमा रहने औजार, उपकरणहरुको निर्जिवन बिमा गराइने छ।

च) परियोजना अनुगमन तथा समन्वय समितिलाई अवलोकन भ्रमण (Processing center Technology Learning Visit) अन्तर्गत परियोजना अनुगमन तथा समन्वय समिति, कृषि विकास शाखा, परियोजना कर्मचारी लगायत सरोकारवालाहरुलाई आवश्यकताका आधारमा कृषि प्रशोधन यन्त्र तथा औजार उपकरणको स्थलगत अवलोकन गराईने छ।

छ) कार्यक्रम अनुगमन, मूल्यांकन तथा परियोजनाका क्रियाकलापहरुमा कृषि शाखाका कर्मचारी परिचालन (Technical Committee meeting/Field visits) कार्यक्रम अन्तर्गत

कृषि शाखाका कर्मचारी र आवश्यकता अनुसार परियोजना कर्मचारी, सरोकारवाला, विशिष्ठ व्यक्ति आदीका लागी परियोजनाका क्रियाकलाप सञ्चालन, अनुगमन लगायतका क्रियाकलापहरु सम्पन्न गर्नका निम्ति जिल्ला भित्र वा बाहिर आते-जाते, भ्रमण खर्च, खाजा एवम् ईन्धनमा खर्च गर्न सकिने छ।

ज) कृषि शाखाका कर्मचारीको निम्ति क्षमता अभिवृद्धी तालिम (Capacity Building) कार्यक्रम अन्तर्गत कृषि विकास शाखा एवम् सरोकारवालाहरुलाई आवश्यक क्षमता अभिवृद्धी तालिम, गोष्ठी संचालन, सहकारी गठन सम्बन्धी तालिम एवम् सहभागिता सम्बन्धी क्रियाकलाप सञ्चालन गरिनेछ।

झ) न्यूनतम समर्थन मूल्य निर्धारण सम्बन्धी निति निर्माणका लागि परामर्श (Minimum Support Price (MSP) policy formulation) अन्तर्गत पालिकाको न्यूनतम समर्थन मूल्य निर्धारणका लागि गरिने परामर्श, निरिक्षण, कार्यशाला, गोष्ठी जन्य अन्य आवश्यक क्रियाकलाप सञ्चालन गरिनेछ।

५. कार्यक्रम सञ्चालन प्रक्रियाको सूचना प्रवाह, माग संकलन, फिल्ड निरीक्षण र छनौटको प्राथमिकीकरण परिच्छेद २ मा उल्लिखित कार्यक्रम सञ्चालन/वितरण गर्दा निम्न बुँदाहरुमा केन्द्रित रहेर कार्यान्वयन गरिनेछ।

क) सूचना प्रवाहः

१. यस परियोजना अन्तर्गत कार्यान्वयन हुने मुख्य कार्यक्रमहरु सञ्चालनका लागि कृषि विकास शाखा र परियोजना कार्यालयको समन्वयमा कृषि विकास शाखाले परियोजनाका सुचिकृत लाभग्राही समूहहरुमा उक्त समूहहरुको मासिक वा आकस्मिक बैठक मार्फत ७ देखी १५ दिनको म्याद राखी सूचना प्रेषित गर्नेछ। साथै उक्त सूचना गाउँपालिकाको सूचना पाटीमा र पालिकाको वेवसाइट,फेसवुक पेजमा समेत राखिनेछ ।

ख) माग संकलनः

१. सूचना प्रेशित भएपछी तोकिएको म्यादभित्र रीतपूर्वकको माग निवेदन, खर्च प्रकृति वा खर्च योजना कृषक/कृषक समूहको प्रतिनिधिले कृषि विकास शाखामा आफै उपस्थित भइ वा परियोजना कार्यालय मार्फत पेश गर्नुपर्नेछ।

२. कृषि शाखामा प्राप्त भएका निवेदनहरुलाई रुजू गरी अनुमोदन र फाईलिङ्ग गर्ने कार्य कृषि विकास शाखामार्फत हुनेछ।

३. माग गरिएका सामग्रीहरुलाई पालिकाले निर्धारण गरेको दररेट नबढ्ने गरी कृषि विकास शाखामा सम्झौता गर्नुपर्नेछ।

४. सोही सम्झौता बमोजिम कृषक समूहहरुले सार्वजनिक खरिद ऐन तथा नियमावलीको परिधिभित्र रही सामग्री खरिद गरी सोको सक्कलै बिल भरपाई, फोटो लगायत अन्य कागजात सहित अनुदान मागको लागि कृषि विकास शाखामा/परियोजना कार्यालयमा पेश गर्नुपर्नेछ।

५. सम्झौता बमोजिम खरिद गरिएका सामग्रीहरुको अनुगमन तथा मूल्याङ्कन गरी अनुगमन-मुल्याङ्कन समितिको प्रतिवेदन समेतका आधारमा भुक्तानिको लागि कृषि विकास शाखाले आवश्यक प्रक्रिया अगाडी बढाउनेछ।

६. सोही सिफारिसको आधारमा सम्बन्धीत समूहको नाममा रहेको बैंक खातामा भुक्तानि गरिनेछ।

७. माथि जुनसुकै कुरा उल्लेख गरेको भएतापनि यसरी खरिद हुने सामग्रीहरूमा पेश्की रकम उपलब्ध गराइने छैन।

८. सम्झौता बमोजिम खरिद गरिएको कुनै सामग्रीको गुणस्तर र मुल्यमा अस्वभाविक भएको पाइएमा सो को भुक्तानी दिन पालिका बाध्य हुनेछैन/ दिइने छैन।

ग) निरीक्षण / अनुगमन

१. सामग्री / अनुदानका लागि रीतपूर्वकको निवेदन/माग गरेका कृषकको स्थलगत निरीक्षण गर्न देहाय बमोजिमका ६ जना सदस्य रहेको अनुगमन समिति गठन गरिने छ।

क) संयोजकः गाउँ कार्यपालिका अध्यक्ष वा निजले तोकेको जनप्रतिनिधी : १ जना

ख) सदस्यः प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी : १ जना

ग) सदस्य : अनुदान सिफारिस तथा अनुगमन समितिका संयोजक १ जना

घ) सदस्यः सम्बन्धित वडाका वडा अध्यक्ष वा निजले तोकेको जनप्रतिनिधि : १ जना

कञ्चन गाउँपालिका स्थानीय राजपत्र

ङ) सदस्यः कृषि विकास शाखामा कार्यरत शाखा प्रमुखले तोकेका प्राविधिक कर्मचारी : १ जना

च) सदस्यः परियोजना प्रमुख वा प्रमुखले तोकेको प्राविधिक कर्मचारी : १ जना

छ) सदस्य-सचिवः कृषि विकास शाखा प्रमुख वा निजले तोकेको कर्मचारी

समितिले आवश्यकता अनुसार अन्य व्यक्ति र पदाधिकारीहरूलाई आमन्त्रित सदस्यका रूपमा आमन्त्रण गर्न सक्नेछ ।

२. प्राविधिक प्रतिवेदन तयार गर्नेः

क) अनुगमन टोलीले निवेदकहरुको स्थलगत फिल्ड निरिक्षण गरी प्राविधिक मूल्याङ्कन गरी गाउँपालिका समक्ष पेश गर्नेछ।

ख) स्वीकृत कार्यक्रम र बजेटको सिमा भित्र रहेर वस्तु/सामग्री/सेवामा अनुदान वा भुक्तानी प्रकृयाको लागी अनुगमन टोलीद्वारा पेश भएको मूल्याङ्कनको आधारमा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको स्वीकृती भएपछि मात्र कार्यक्रम सञ्चालन हुनेछ।

ग) छनोट तथा कार्यान्वयन समितिः यस निर्देशिकाको कार्यान्वयन गर्न तथा कृषक छनोट गर्न देहाय बमोजिमको एक समिति रहनेछ।

गाउँपालिका अध्यक्ष — संयोजक

गाउँपालिका उपाध्यक्ष — सदस्य

प्रमुख प्रशासकीय अधिकृत — सदस्य

सम्बन्धित वडाका वडा अध्यक्ष — सदस्य

कृषि शाखा प्रमुख — सदस्य सचिव

परियोजना प्रमुख तथा समितिले आवश्यकता अनुसार अन्य व्यक्ति र पदाधिकारीहरूलाई आमन्त्रित सदस्यका रूपमा आमन्त्रण गर्न सक्नेछ ।

६. परिच्छेद ३ को दफा ५ मा जुनसुकै कुरा उल्लेख भए तापनि परिच्छेद २ को दफा ३(ख) मा उल्लिखित "कृषक/ कृषक समूहलाई उत्पादन सामग्री सहयोग" कार्यक्रम सञ्चालन/वितरण गर्दा स्वीकृत कार्यक्रम र बजेटको सिमा भित्र रही प्रति कृषक बढिमा रु दश हजार मात्र उपलब्ध

कञ्चन गाउँपालिका स्थानीय राजपत्र

गराईनेछ तर आवश्यकता र औचित्यतताका आधार पुष्टि भई कार्यापालिकाबाट थप निर्णय भएमा सोहि बमोजिम लागु हुनेछ ।

७. परिच्छेद ३ को दफा ५ मा जुनसुकै कुरा उल्लेख भएतापनि परिच्छेद २ को दफा ३(ख) मा उल्लिखित "प्रशोधन केन्द्रको निर्माण" कार्यक्रम प्रचलित कानुन बमोजिम निर्माण गरी गाउँपालिकाको स्वामित्वमा रहनेगरी, गठन भएको सहकारीलाई प्रशोधन केन्द्रको सञ्चालनार्थ पूर्ण अनुदानमा बढिमा ५ वर्षको लागि प्रयोग गर्नेगरी जिम्मा दिइनेछ। सहकारीको कार्य नियमित र सन्तोषजनक रहेमा कार्यापालिकाको निर्णय बमोजिम समयावधि थप गर्न सकिनेछ।

## परिच्छेद ४

## कार्य सञ्चालन विधिको स्वीकृति र छनौट

८. परिच्छेद-३ बमोजिम फिल्ड निरिक्षण गरी उपयुक्त कृषकलाई स्वीकृत कार्यक्रम र बजेटको सिमाभित्र रहि अनुदानका लागि आवश्यकता औचित्यका आधारमा कार्यपालिका बैठकमा अनुमोदन र स्वीकृतका लागि पेश गरिनेछ ।

## परिच्छेद-५

## बाधा अड्काउ फुकाउने

९. यस निर्देशिकामा उल्लेख भएका बाहेक अन्य कुराहरु प्रचलित कानूनबमोजिम रहनेछ भने कार्यान्वयनमा केही बाधा व्यवधान आईपरेमा वा विवाद उत्पन्न भएमा सोको बाधा अड्काउ फुकाउने अधिकार कार्यपालिकामा निहित रहनेछ ।

१०. यस निर्देशिकाका कुनै बुँदाहरू प्रचलित कानून सँग बाझिएमा बाझिएको हदसम्म अमान्य र बदर हुनेछन् ।

कञ्चन गाउँपालिका स्थानीय राजपत्र

**अनुसूची १**

**(परिच्छेद २ को दफा ३(क) सँग सम्बन्धित)**

**(सामग्री माग निवेदनको ढाँचा)**

मितिः

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
कञ्चन गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय
कञ्चन-२ बेउरी, रुपन्देही।

विषयः ______________ कार्यक्रम माग सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यस कञ्चन गाउँपालिका वडा नं __ , ________ टोल निवासी म ____________________ ले व्यावसायिक रुपमा तरकारी खेती गर्दै आएकोमा अहिले तहाँको तरकारी मूल्य श्रृंखला विकास परियोजना अन्तर्गतको ______________ कार्यक्रम अनुसार तपसिल बमोजिमको सामग्री आवश्यक परेको हुनाले उपलब्ध (गराईदिनुहुन/ माग स्विकृत) गरिदिनुहुन विनम्र अनुरोध गर्दछु।

निवेदकको नामः

दस्तखतः

समूहः

ठेगानाः

सम्पर्क नः

कञ्चन गाउँपालिका स्थानीय राजपत्र

समूहको नामः कृषकको नामः फोन नः

| क्रं. सं. | विवरण (क) | स्पेसिफिकेसन (ख) | ईकाई (ग) | आवश्यक परिमाण (घ) | अनुमानित दर (रु) (ङ) | जम्मा रकम च=(घ*ङ) | लागत साझेदारी कम्तिमा २५ प्रतिशतले हुने रकम(रु) (छ) | अनुदान (रु) (ज)=(च)-(छ) |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| जम्माः | | | | | | | | |

कञ्चन गाउँपालिका स्थानीय राजपत्र

# अनुसूची २

## (परिच्छेद २ को दफा ३ सँग सम्बन्धित)

## (भुक्तानी माग निवेदनको ढाँचा)

मितिः

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
कञ्चन गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय
कञ्चन-२ बेउरी, रुपन्देही।

विषयः ______________ कार्यक्रम माग सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यस कञ्चन गाउँपालिका वडा नं __ , ________ टोल निवासी म ____________________ ले व्यावसायिक रुपमा तरकारी खेती गर्दै आएकोमा अहिले तहाँको तरकारी मूल्य श्रृंखला विकास परियोजना अन्तर्गतको _______________ कार्यक्रम अनुसार मिति __________________ मा स्विकृत माग बमोजिमको पेश गरिएको सक्कल बिल भरपाई समेतको आधारमा जम्मा हुन आउने रकम रु _____ (अक्षरेपीः _______मात्र /-) भुक्तानि गरिदिनुहुन अनुरोध गर्दछु।

निवेदकको नामः

दस्तखतः

समूहः

ठेगानाः

सम्पर्क नं.ः

कञ्चन गाउँपालिका स्थानीय राजपत्र

**प्रमाणीकरण मितिः २०८२/०८/१४**

आज्ञाले,

माधव प्रसाद पोखेल

प्रमुख प्रशासकीय अधिकृत

कञ्चन गाउँपालिका

कञ्चन गाउँपालिका स्थानीय राजपत्र